# पूर्वाञ्चल विश्वविद्यालय
## चिकित्साशास्त्र संकाय
### गोठगाउँ, मोरङ्ग


च.न.                                                                 मिति : २०८२/११/११

## भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

चिकित्सा शिक्षा आयोगद्वारा मिति २०८२/११/१० मा प्रकाशित भएको चिकित्सा शिक्षा स्नातक तहको सःशुल्कतर्फ दोस्रो चरणको पुन म्याचिङको (Re Matching) तथा विद्यार्थी भर्ना सम्वन्धि सूचना अनुसार पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका आङ्गिक तथा सम्वन्धन प्राप्त क्याम्पस/कलेजहरुमा सःशुल्क कोटाको सुचीभित्र नाम रहेका विद्यार्थीहरुलाई मिति २०८२/११/१३ गते दिनको २ बजेभित्र अनलाईन माध्यम मार्फत भर्ना भई सम्वन्धित कलेज वा डीन कार्यालयबाट Admission Confirmation Page प्राप्त गर्न यो सूचना प्रकाशित गरिन्छ ।

**वेबसाइट : https://pufomas.edu.np**

भर्ना र Admission Confirmation Page प्राप्त गरिसक्नुपर्ने मिति र समय : २०८२/११/१३ गते दिनको २ बजे भित्र

**<u>भर्ना सम्बन्धी नियमहरु:</u>**

१. चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाबाट योग्यताक्रम निर्धारण पश्चात म्याचिङ (Matching) भई भर्नाको अवसर प्राप्त गर्ने उम्मेदवारहरुले भर्ना हुँदा सम्वन्धित कागजातहरु अनिवार्य पेश गर्नुपर्ने छ ।

२. भर्ना हुने विद्यार्थीले चिकित्सा शिक्षा आयोग र पूर्वाञ्चल विश्वविद्यालयको आचार संहिता र नियमावली पालना गर्नुपर्ने छ ।

**<u>भर्ना हुँदा अनलाईन माध्यममा पेश अपलोड गर्नुपर्ने कागजातहरु:</u>**

- पू.वि. चिकित्साशास्त्र संकाय डीनको कार्यालयका वेबसाइटमा उपलब्ध एडमिसन पोर्टलको फाराम ।
- हालसालै खिचिएको पासपोर्ट साईजको फोटो १ (एक) प्रति ।
- भर्ना हुने कार्यक्रमको लागि चिकित्सा शिक्षा आयोगले तोकेको निर्धारित शुल्कको पहिलो किस्ता भाउचर वनाउदाँ सम्वन्धित विद्यार्थीको नामबाट रकम जम्मा भएको प्रमाण देखिनुपर्नेछ। साथै चेक क्लियरेन्स मान्य हुनेछैन ।
- प्रवेशिका परीक्षा (एस.एल.सी./एस.ई.ई) को ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- १०+२ वा सो सरहको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र र (Provisional/Original Certificate), समकक्षताको सक्कल तथा प्रतिलिपि ।
- प्रवेशपत्रको सक्कल तथा प्रतिलिपि ।
- नागरिकताको प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- नियमानुसार लागुहुने अन्य कागजातहरु ।


फोन नं : ०२१-४२५००९    फ्याक्स नं: ९७७-२१-४२५००८    ईमेल : info@pufomas.edu.np,    गोठगाउँ, मोरङ्ग



CamScanner

पूर्वाञ्चल विश्वविद्यालय
चिकित्साशास्त्र संकाय
गोठगाउँ, मोरङ

तपसिल:

Account Name: **PU Faculty of Medical & Allied Sciences**
Account Number: **00710017518977**
Bank: **Nabil Bank Limited**

**शुल्क सम्बन्धि विवरण :**

| क.स. | कार्यक्रम | जम्मा शुल्क (Nrs) | भर्नाको समयमा बुझाउनुपर्ने (Nrs) |
|---|---|---|---|
| १ | **MBBS** | ४५,९५,७२०/- | १२,००,००० /- |
| २ | **B.Sc. Nursing** | १०,३६,००० /- | ३,४५,३३५/- |
| ३ | **B.N.S** | ५,१८,०००/- | १,७२,६७० /- |
| ४ | **B. Pharmacy** | ७,७७,०००/- | २,५९,०००/- |
| ५ | **B.P.H** | ७,७७,०००/- | २,५९,०००/- |
| ६ | **B.Sc.MLT** | ७,७७,०००/- | २,५९,०००/- |

**अनलाइन आवेदन फाराम भर्नका लागि प्रोफाइल तयार पार्ने र आवेदन फाराम पेश गर्ने तरिका :**

उम्मेदवारले सर्वप्रथम आफ्नो इमेल आइडी र मोबाइल नम्बरसहितका वितरण राखी प्रोफाइल बनाउनु पर्नेछ र यो प्रोफाइल अनलाईन माध्यमबाट पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायमा विद्यार्थी भर्नाका लागि सधैलाई प्रयोग हुनेछ ।

**१. Account तथा प्रोफाइल तयार पर्ने प्रक्रिया :**

(क) आवेदन फारा मभर्नका लागि सर्वप्रथम पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायको वेबसाइट https://pufomas.edu.np मा प्रवेश गरी Online Admission लेखिएको स्थानमा क्लिक गर्नुपर्दछ । त्यसपछि खुल्ने पेजको दायाँपट्टी रहेको Login बटनमा क्लिक गरी खुल्ने रजिस्टर पेजमा Register लिङ्मा क्लिक गर्नुपर्दछ ।

अथवा,

वेबब्राउजरमा htts://admission.pufomas.edu.np टाइप गरी Browse गरे पश्चात् Login बटनमा क्लिक गरी खुल्ने रजिस्टर पेजमा Register लिङ्मा क्लिक गर्नुपर्दछ ।

फोन न : ०२१-४२५००९ फ्याक्स न: ९७७-२१-४२५००८ ईमेल :info@pufomas.edu.np, गोठगाउँ, मोरङ

CamScanner

(ख) यसपछि खुल्ने पेजमा स:शुल्कको हकमा Paying मा क्लिक गरी आफ्नो Nationality, Full Name, Gender, ontact number, Email, Password र Confirm Password गरेर Register बटनमा क्लिक गरी युजर बनाउनु पर्नेछ।

(ग) पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायको अनलाइन Admission प्रणालीमा पुन: Login गरेर ड्यासबोर्ड (Dashboard) मा क्लिक गर्नुपर्नेछ।

(घ) Dashboard मा रहेका Registration Form मेनुमा क्लिक गरेर आफ्नो व्यक्तिगत विवरण, शैक्षिक विवरण,र सोसँग सम्बन्धित कागजातहरू संलग्न गरी Save and Continue बटनमा क्लिक गनुपर्नेछ।

(ङ) पूर्वाञ्चल विश्वविद्यालय चिकित्साशास्त्र संकायको मेल मार्फत भर्ना प्रक्रिया पुरा भएको मेल आए पश्चात चिकित्साशास्त्र शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाको अनलाइन प्रणालीमा Login गरी भर्ना सुनिशिचत गर्ने पेज (Admission Confirmation Page) डाउनलोड गरी सुरक्षितसाथ राख्नुपर्नेछ।

(च) भर्ना प्रक्रियामा झुठा विवरण पेश गरेको पाइएमा त्यस्ता उम्मेदवारहरको भर्ना प्रक्रिया रद्द हुनेछ।

**२. आवेदन फाराम पेश गर्ने प्रक्रिया :**

(क) आवेदन पेश गर्नका लागि Dashboard मेनुमा रहेका Submission मा क्लिक गरी सबै विवरण रूजु गरी अन्त्यमा रहेको Submit मा क्लिक गर्नुपर्नेछ। आफ्नो फाराम पेश भए पश्चात् त्यसको जानकारी प्रोफाइलमा देखापर्छ। कुनै विवरण नमिलेको भए Error म्यासेज देखापर्नेछ र आफ्नो विवरण पुन: रूजु गरी माथिकै प्रक्रियावृष्ट पुन: फाराम पेश गर्नुपर्नेछ।

**नोट:**

- यस पूवि चिकित्साशास्त्र संकाय मार्फत भर्ना प्रकृया पूरा गरेका सम्पूर्ण विद्यार्थीहरूले यथाशिघ्र सम्बन्धित क्याम्पस /कलेजमा सम्पर्क गर्नुहोला।
- शैक्षिक कार्यक्रमको सिट निर्धारण तथा Admission को नामावली सम्बन्धी विवरण mec.gov.np मा हेर्न सुचित गरिन्छ।
- एडमिसन पोर्टलमा केहि समस्या आएमा ९८५२०६७७२७ कार्यालय समयभित्र सिधै सम्पर्क गर्न सकिन्छ।
- यस सूचनामा केहि त्रुटि भएमा सो सच्याउने सर्वाधिकार पूवि चिकित्साशास्त्र संकाय, डीन कार्यालयमा सुरक्षित रहने छ।

डीन
चिकित्साशास्त्र संकाय


फोन न : ०२१-४२५००९ फ्याक्स न: ९७७-२१-४२५००८ ईमेल : info@pufomas.edu.np, गोठगाउँ, मोरङ्ग



CS CamScanner